# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २७७ | बुटवल | २०८१ असोज १७, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Oct. 03, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


## छविलाललाई हिरासतमुक्त गर्न अस्वीकार



काठमाडौं । पोखराको सूर्यदर्शन सहकारी ठगीको आरोपमा पक्राउ परेका छविलाल जोशीलाई रिहा गर्न सर्वोच्च अदालतले अस्वीकार गरेको छ।

उनको तर्फबाट अधिवक्ता रोचक जोशीले बन्दी प्रत्येक्षीकरणको रिट दायर गरेका थिए। उक्त रिटमा बुधबार सुनुवाइ गर्दै न्यायाधीश तिलप्रसाद श्रेष्ठ र अव्दुल खजीज मुसलमानको संयुक्त इजलासले रिट खारेज गर्ने निर्णय सुनाएको हो। जिल्ला अदालत कास्कीले उनलाई १७ असोजसम्म हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको थियो।

» बाँकी ३ पेजमा

## प्रधानन्यायाधीशमा प्रकाशमानसिंह



काठमाडौं।प्रधानन्यायाधीशमा प्रकाशमानसिंह राउतको नाम अनुमोदन भएको छ ।बुधबार बसेको संसदीय सुनुवाइ समितिको बैठकले संवैधानिक परिषद्बाट सिफारिस राउतको संसदीय सुनुवाइपछि अनुमोदित भएका हुन् ।यस्तै समितिले अष्ट्रेलियाको राजदूतमा चित्रलेखा यादवको नाम अनुमोदन गरेको छ । बुधबार बसेको बैठकले नै सुनुवाइ सकिएसँगै यादवलाई राजदूतमा अनुमोदन गरेको हो।

# भैरहवामा ट्राफिक व्यवस्थापन अस्तव्यस्त

**बेलहिया–बुटवल सडक खण्डमा सर्भिस लेनसहित ६ लेनको सडक विस्तारसँगै फराकिलो भए पनि सडक प्रयोगको मापदण्ड भने लागू भएको छैन। लेनहरु जथाभावी प्रयोग गर्दा सडक अस्तव्यस्त मात्र बनेको छैन, दुर्घटनाको जोखिमसमेत बढेको छ।**

**मोहम्मद हबिब**

*भैरहवा*

ट्राफिक प्रहरीले केही दिनअघि लेन अनुशासनको अभियान नै चलायो । महिनौदेखि बेलहिया - भैरहवासम्मको बाटो अवरुद्ध भएकै बेला निकै तामझामका साथ अभियान चल्यो र सकियो, तर सडकको अवस्था उस्तै छ, अझैं पनि सडक एक लेनमै चलिरहेको छ। ओभरलोडले बेलहिया-भैरहवा सडक खण्डको बायाँको लेन भासिएको महिनौ भयो मर्मत नहुँदा अझैं पनि पूर्णरुपले सडक सुचारु भएको छैन।

लेनअनुसार सवारी साधन नचलाउँदा दुर्घटना भएको भन्दै जिल्ला प्रशासन कार्यालय रूपन्देही, जिल्ला प्रहरी र जिल्ला ट्राफिक प्रहरी कार्यालयले संयुक्त रूपमा सडकमै पुगेर चालकहरूलाई लेनको बारेमा सचेतनामूलक कार्यक्रम गरेका थिए। सडक अवरुद्ध भई गलत लेनबाट गाडीको आवगमन भएकै बेला लेन अनुशासनको नमूना अभियान रुपन्देहीमा चलेको थियो । अभियानमा चालकहरूलाई लेन अनुशासन शिक्षा तामझामका साथ गरियो, तर अवस्था ज्यूँका त्यूँ छ।

बेलहिया बुटवल सडक खण्डमा सर्भिस लेनसहित ६ लेनको सडक विस्तारसँगै फराकिलो सडक भए पनि सडक प्रयोगको मापदण्ड भने लागू भएको छैन। लेनहरु जथाभावी प्रयोग गर्दा सडक अस्तव्यस्त मात्र बनेको छैन, दुर्घटनाको जोखिमसमेत बढेको छ।

सडक विस्तार गर्दा सर्भिस लेनमा छोटो रुटका सार्वजनिक यातायात सञ्चालन गर्ने मापदण्ड सहित बनेकोमा सर्भिस लेनमा पर्किङ भएका छन्। उद्योग, कलकारखाना, बैंक, वित्तीय संस्था, व्यापारिक प्रतिष्ठानलगायतले सर्भिस लेनलाई पार्किङ्स्थलका रुपमा प्रयोग गरेका छन् । फुटपाथसहित सर्भिस रोडमा सकेत जथाभावी पार्किङ् गर्दा पैदल यात्रीलाई समस्या भएको सामाजिक अगुवा विजय सागर श्रेष्ठले बताए। यसरी जथाभावी पार्किङ् गर्दा र एउटा लेनमा चल्नुपर्ने साधन उल्टो लेनमा चल्दा दुर्घटनाको जोखिम धेरै भएको उनले बताए।

सवारी चालकलाई लेनको उपयोगिता र महत्वको बारेमा जानकारी गराउनु पर्छ । खासमा सर्भिस लेन सार्वजनिक यातायात चल्नु पर्नेमा ६ लेन सडकमा गुडिरहेका छन्। कुन सवारी साधन कुन लेनमा गुड्ने भन्ने स्पष्ट मापदण्ड भए पनि त्यसको बेवास्ता भएको छ।

भैरहवा-बुटवल सडक निर्माण हुन थालेको दशक भयो, तर अझैं न त निर्माण सम्पन्न भएको छ, न हस्तान्तरण नै। केही खण्डहरु निर्माण भएर मर्मत भएका छन् भने केही सम्पन्न हुन सकेका छैनन्। भैरहवा विकसित शहरमध्येको सूचीमा पर्छ। बढी चहलपहल हुने क्षेत्रको रुपमा यहाँ दिनानुदिन विकाससँगै सडक सञ्जालमा सवारी साधनको चाप बढ्दै जाँदा पनि व्यवस्थापनतर्फ ध्यान नदिँदा अस्तव्यस्त भएका छन्। ६ लेनको सडकमा एकतर्फी मुख्य लेन नै महिनौदेखि बन्द गरी एउटै लेनबाट सवारी आवगमन गराइँदैछ । बेलहियादेखि भैरहवासम्मको यात्रा गर्दा कहिले दायाँ सडक त कहिले बायाँ सडक हुँदै सवारी हाक्नु परेको छ। निर्माण कम्पनीले समयमा कम नगर्दा र नबिग्रेका सडक पनि अवरुद्ध गरी मर्मत गरेकोले आम सर्वसाधरणले सास्ती खेप्नु परेको छ। सडकलाई अस्तव्यस्त गर्दा दुर्घटना पनि निमित्ने र ट्राफिकले लागू गरेको लेन अनुशासन पनि चालकले कसरी पालना गर्ने ?





रुपन्देहीको भैरहवामा यि मात्रै होइनन्, नम्बर प्लेट अस्पष्ट भएको छरपस्ट देखिन्छ। मुख्य चोक बुद्धचोकका फुटपाथ अवरुद्ध हुँदा समेत नियामक निकायको ध्यानाकर्षण भएको पाइदैन । बसपार्कबाट छुट्नु पर्ने गाडी चोक र सर्भिस रोड बसपार्कको रुपमा परिणत भएको छ।

**ट्राफिक लाइट नबल्दा दुर्घटनाको जोखिम**

ट्राफिक व्यवस्थापनका लागि बुद्धचोक र देवकोटा चोकमा रहेको ट्राफिक लाइट महिनौ दिनबाट बल्न छाडेका छन्। स्वचलित रुपमा बल्नुपर्ने ट्राफिक बत्ती नबल्दा चालकहरु झुक्किएर झन दुर्घटनाको जोखिम बढेको छ। ट्राफिक लाइटले काम नगर्दा ट्राफिक व्यवस्थापन स्वचालित नहुने र चालक आफ्नै सुरमा गाडी हाक्ने गरेका छन्। बेलाबखत सडकमा भएको ट्राफिक प्रहरीले हातको इशाराले संकेत गरे पनि ड्युटीमा भएको प्रहरी पनि छेउमा मोबाइल चलाउँदै र कुराकानीमै मस्त हुन्छन्।

ट्राफिक लाइट स्थानीय तहले नै जडान गरेकोले मर्मतको पाटो पनि स्थानीय तहकै हो । ट्राफिकले बिग्रिएका ट्राफिक लाइट बनाउन सक्दैन, ट्राफिक प्रहरीसँग यसको लागि बजेट पनि नहुने हुँदा प्राविधिक पाटो, सर्भर सिस्टम पनि ट्राफिक कार्यालयमातहत हुँदैन।

बेलहिया-बुटवल सडकमा थुपै स्थानमा लाइट छन्, लाइट बले पनि अधिकांश ट्राफिक लाइटको टाइमिङ र सिङ्क्रोनाइज मिलेको छैन । एउटै निकाय मातहत नभएकोले एउटा चोकमा राखिएको ट्राफिक लाइट अर्को चोकसँग लिंक भएको छैन। जुन-जुन निकायले जडान गरिदिएका छन् लाइट ती निकायमै रहेका सर्भर सिस्टमबाट कन्ट्रोल हुने र बिग्रँदा पनि ट्राफिक प्रहरीले समन्वय गर्ने बाहेक केही गर्न सक्दैन।

» बाँकी ३ पेजमा

## मिठाईमा भेटियो किरा र ढुसी

**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा एक मिष्ठान्न भण्डारमा मिठाईमा किरा र ढुसी परेको भेटिएको छ । जिल्ला संयुक्त बजार अनुगमन समिति नवलपरासीले परासी सदरमुकाममा रहेका मिष्ठान्न भण्डारमा अनुगमनको क्रममा एक मिष्ठान्न भण्डारमा मिठाई पसलमा किरा र ढुसी परेको भेटिएको हो। अनुगमनको क्रममा परासी सदरमुकामस्थित रामग्राम नगरपालिकाको वडा नं. ३ मा अवस्थित रहेको अमृत्तम स्वीटस्मा मिठाईमा किरा र ढुसी परेको पाइएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका उद्योग अधिकृत पुरुषोत्तम पौडेलले जानकारी दिए।

उनका अनुसार अमृत्तम स्वीटस्मा सेतो रसबरी, रातो रसबरी मिठाईमा किरा र ढुसी दुर्गन्धित, तथा पानीरमा ढुसी परेको भेटिएको हो। सेतो रसबरी, रातो रसबरी गरी ४ मिठाईमा किरा र ढुसी दुर्गन्धित र पानीरमा ढुसी परेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय भैरहवाका खाद्य निरीक्षक दिपक यादवले बताए।

अनुगमनको क्रममा म्याद ग्रुजेको पेय पदार्थ समेत भेटिएको यादवले जानकारी दिए। उनका अनुसार ३५ बोत्तल पेयपदार्थ भेटिएको थियो। सेतो रसबरी ,रातो रसबरी मिठाईमा किरा र ढुसी दुर्गान्धित, तथा पानीरमा ढुसी परेको र म्याद ग्रुजेको पेय पदार्थ नियन्त्रण लिई नष्ट गरिएको जिल्ला प्रशासन कार्यालय नवलपरासीका नायब सुब्बा चिरञ्जिवी पौडेलले बताए।

उनका अनुसार ११ हजार बराबराको मिठाई र पेयपदार्थ नष्ट गरिएको हो । आउँदै गरेको दसैं, तिहार र छठ पर्वमा बजारमा हुन सक्ने कालो बजारी र म्याद ग्रुजेको सामान बिक्री वितरण भैरहेको जनगुनासो आएपछि जिल्ला संयुक्त बजार अनुगमन समितिले बजार अनुगमन गर्न सुरुवात गरेको छ । सदरमुकाम परासीमा रहेका ६ वटा मिष्ठान्न भण्डार अनुगमन गरिएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका मनोज चौधरीले जानकारी दिए।

## बिमाको १२ करोड रोकिँदा राप्तीको उपचार प्रभावित





दाङ। संघीय सरकारले स्वास्थ्य बिमा वापतको रकम समयमै उपलब्ध नगराउँदा बिरामीलाई दिनुपर्ने औषधि र उपचार सामग्री खरिद गर्न समस्या भएको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल दाङले गुनासो गरेको छ । सरकारले प्रतिष्ठानलाई बिमा उपचार सेवा तथा डायलासिस र सिकलसेल उपचारबापत १२ करोड १५ लाख ८४ हजार ४ सय ६७ रुपैयाँ भुक्तानी दिन बाँकी छ। सरकारले यो रकम नदिँदा औषधि र उपचार सामग्री सप्लायर्सलाई प्रतिष्ठानले भुक्तानी दिन नसकेपछि सप्लायर्सले आपूर्ति रोक्दा उपचार सेवा र बिरामी प्रभावित भएका प्रतिष्ठानका उपकुलपति डा. विकास लामिछानेले बताए।

'प्रतिष्ठानले औषधि सप्लायर्सहरुलाई १३ करोड ४२ लाख रुपैयाँ तिर्न बाँकी छ, उनीहरु पैसा चाहियो भन्दै पटक-पटक नाराजुलुस र धर्ना गर्छन्,' लामिछानेले भने-'सरकारले किस्ता-किस्तामा निकै कम रकम मात्र पठाउँछ, पूरा भुक्तानी नपाउँदा सप्लायर्सले सामान दिन सक्दैनौं भन्छन् ।'

सप्लायर्सहरुलाई भुक्तानी दिन नसकेका कारण औषधि र उपचार सामग्री नै नपाउने अवस्थाले उपचार रोकिने अवस्था आएको प्रतिष्ठानका रजिस्ट्रार प्रा.श्याम लम्सालले बताए । 'हामीले सप्लायर्ससँग सामान किनेर बिरामीको उपचार गर्ने र औषधि दिने हो, केन्द्रबाट आउनुपर्ने भन्दा एक करोड बढी रकम प्रतिष्ठानले खर्च गरिसक्यो, अब उपचार सामग्री खरिद गर्न सक्ने अवस्था छैन,' लम्सालले भने-'केन्द्रबाट पूरा पैसा नआउने हो भने व्यवस्थापन गर्न कठिन भयो, अब बिमा सेवा बन्द गर्ने अवस्थामा पुगेका छौं ।' स्वास्थ्य बिमाकै लागि प्रतिष्ठान एक करोड बढी ऋणमा गएको भन्दै लम्सालले कर्मचारीलाई तलब दिने अवस्था समेत नभएको बताए।

रसायन तथा सर्जिकल एशोसिएसन दाङका अध्यक्ष बालकुमार घर्तीले आफूले प्रतिष्ठानबाट ६ करोड रकम भुक्तानी पाउन बाँकी रहेको बताए । 'अस्पताल भनेर अहिलेसम्म बैंकको ऋण बोकेर पनि उपचार सामग्री दिइयो, अब भुक्तानी नपाएसम्म सामान दिनसक्ने अवस्था छैन,' घर्तीले भने-'सरकारले पैसा दिन नसक्ने हो भने बिमाको नाममा बिरामी र व्यवसायीलाई किन दुःख दिने ?'

दाङका राजनीतिक दलहरूले भने प्रतिष्ठानलाई सेवा नरोक्न आग्रह गरेका छन्।

जिल्ला समन्वय समिति दाङका प्रमुख नित्यानन्द शर्माले संघीय सरकारबाट पाउनुपर्ने भुक्तानीका लागि आफूहरुले सक्दो समन्वय गर्ने भन्दै उपचार रोकिन नहुने बताए।




# सम्पादकीय

## लुम्बिनीमा स्थानीय बासिन्दाको आन्दोलन

मुलुक संघीयतामा गएपछि गाउँ–गाउँमा सिंहदरबार आए भनेर नागरिक खुशी भए। अब नागरिकका आधारभूत समस्या समाधान हुन्छ भन्ने विश्वास उनीहरुलाई थियो। मुलुक संघीयतामा गएपछि नागरिकका समस्याको सुनुवाइ हुन्छ, सरकारसँगको नजिकको सम्बन्ध हुन्छ भनिएकाले उनीहरुलाई विश्वास हुनु स्वाभाविकै थियो। अहिले घरदैलोमै सिंहदरबार पाएका नागरिकले स्थानीय सरकारको भूमिका र कामप्रति प्रश्न उठाउन थालेका छन्।

नागरिकहरुका आधारभूत समस्या समाधान गर्न लुम्बिनी साँस्कृतिक नगरपालिकाले चाँसो नदिएको भन्दै अहिले नागरिक आन्दोलनमा उत्रेका छन्। मुलुक संघीयतामा गएपछि स्थानीय तहमा राजनैतिक नेतृत्व आएको सात वर्ष बित्यो। पहिलो कार्यकालको पाँच वर्ष बित्यो। दोस्रो कार्यकालको दुई वर्ष पनि बितिसकेको छ। सात वर्षमा नागरिकका आधारभूत समस्या समाधानको बाटो पहिल्याउन पर्दथ्यो। राजनैतिक खिचातानीको मारमा लुम्बिनी साँस्कृतिक नगरपालिकाका बासिन्दा परेका छन्। त्यहाँ बेलैमा नगरसभा हुँदैन। बजेट पारित हुँदैन। अनि नगरसभा र बजेट पारित नभएपछि कसरी होस् काम। अस्तव्यस्त तरिकाले चलेको नगरपालिकाले नतिजा निकाल्न सकेन्। पुँजीगत खर्च भएन्। नागरिकका समस्या पहिचान गरी बजेट खर्च भएन। अहिले नागरिकले उठाएका माग जायज छन्। उनीहरुले स्वास्थ्य केन्द्रमा अल्ट्रासाउण्ड र एक्सरे राख्नुपर्ने, सरकारले तोकेका औषधि निःशुल्क पाउनुपर्ने, गरिब तथा विपन्न परिवारलाई उपचार खर्चको व्यवस्था हुनुपर्नेलगायतका माग आम सरोकारका माग हुन्। यी माग पूरा गराउन लुम्बिनीबाट काठमाडौंसम्म पैदल यात्रा गर्ने तयारी छ।

लुम्बिनी शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल हो। यहाँको विकास स्थानीय नागरिकको सरोकारको विषय मात्रै नभइ पर्यटन प्रवर्द्धनमा पनि बल पुग्छ। स्थानीय नागरिकको स्वास्थ्य र शिक्षाको अवस्था सुधार हुँदा, खानेपानी र सडक पूर्वाधारको विकास हुँदा स्थानीय समुदायले लाभ पाउँछन् नै, लुम्बिनी पछौटे र गरिबीबाट मुक्त छ भन्ने सन्देश पनि प्रवाह हुन्छ। स्थानीय सरकारले प्रदेश र संघीय सरकारको सहयोग र साथ लिएर लुम्बिनीलाई नमूना बनाउन पहलकदमी लिनुपर्छ। निर्वाचित नेतृत्वले सबै दलको सहकार्य र साथ लिएर नागरिकका माग सम्बोधन गर्नुपर्छ। लुम्बिनीमा उठेको नागरिक आन्दोलन लुम्बिनीको विकासको लागि कोशेढुङ्गा हुनेछ।

# विपद्पछिको भद्रगोल र सरकारको जिम्मेवारी



सागर पण्डित

*अहिले बाढीपहिरोका कारण देशले ठूलो संकट व्यहोर्न बाध्य भइरहेको अवस्थामा विशेष गरी सरकारका सबै पक्षले जिम्मेवारीबोधका साथ पारदर्शी र इमानदार भएर काम गर्न सके भने मात्रै पनि पीडितले समयमा नै राहत पाउन सक्नेछन् र पुनर्स्थापित हुनेछन्। यस कार्यमा सरकारका सबै निकायहरु हातेमालो गर्दै अघि बढ्न अब ढिलाइ गर्नुहुँदैन।*

गत ११ र १२ असोजमा परेको अविरल वर्षाका कारण आएको भीषण बाढीपहिरोले ठूलो जनधनको क्षति पुऱ्याएको छ। दुई सयभन्दा बढीको ज्यान गएको छ, हजारौं नागरिक विस्थापित भएका छन् भने कैयौं अझै बेपत्ता छन्।

अर्बौंको भौतिक क्षति भएको छ। कैयौं ठाउँको जनजीवन अस्तव्यस्त भएको छ। यस्तो अवस्थामा सरकारको सबै संयन्त्र विपद् प्रभावित क्षेत्रमा लगाउनुपर्ने हो, तर सरकारले उद्धार, खोज, राहत र पुनर्स्थापनाको कामलाई सशक्त किसिमले अघि बढाउन सकेको छैन। यो निकै लाजमर्दो कुरा हो। राजधानी काठमाडौं, भक्तपुर र ललितपुरकै कतिपय ठाउँको अवस्था निकै दर्दनाक छ। यी जिल्लाका केही ठाउँ अझैं पनि सडक, सञ्चारबाट विच्छेद अवस्थामा रहेका छन्। राजधानीभित्रै यस्तो अवस्था हुन्छ भने अन्य बाढीपहिरो प्रभावित जिल्लाको अवस्था के होला ? सहजै थाहा पाउन सकिन्छ।

सरकारकै एक निकाय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले वर्षा हुनु र बाढी आउनुभन्दा केही दिनअघि त्यस प्रकारको जानकारी गराउँदै असोज ११ र १२ गते ठूलो पानी पर्न सक्ने भएकाले ती दिनहरुमा देशभरमा रात्रि बस नचलाउन आग्रह गरेको थियो भने आकस्मिक काम परेमा मात्रै निकै सतर्क भएर बाहिर निस्कन र बाढीपहिरोबाट सतर्क रहन भनेको थियो। प्राधिकरणले त्यस्तो सूचना त जारी गऱ्यो, तर विपद् व्यवस्थापन तथा न्यूनीकरण गर्नेसम्बन्धी कुनै योजना ल्याउन सकेन। त्यसैले यस प्रकरणमा प्राधिकरणको नेतृत्व पनि नराम्ररी चुकेको देखिन्छ। अझैं बाढीपहिरो आउने समयमा त्यसको असरको व्यवस्थापन गर्न छोडेर प्राधिकरणका प्रमुख सीइओ बेलायत भ्रमणमा जानुभएको विषय आइरहेको छ। यदि यो सत्य हो भने प्राधिकरणका सीइओलाई तत्काल कारबाहीका लागि स्पष्टीकरण सोध्नुपर्छ।

हाम्रा अधिकांश सरकारी निकायले जिम्मवारीपूर्वक काम नै गर्दैनन्। यत्रो विपद्को घटना घटेको छ, तर सरकारी निकायमा जुन किसिमको जिम्मेवारीबोध हुनुपर्थ्यो त्यो किसिमको जिम्मेवारीबोध देखिन सकेको छैन। यसो त विपद् अकस्मात् र अनपेक्षित आउने होइन, पूर्वानुमान गर्न पनि नसकिने हुन्छ। यसले मानवीय, आर्थिक, पूर्वाधार तथा वातावरणीय क्षति पुऱ्याउँछ। वनजंगलको विनाश, वातावरण प्रदूषण, अव्यवस्थित विकास प्रयास, जनसंख्या वृद्धि, भौगोलिक कारण, शाक्तिको होड, कमजोर सरकारी नीति तथा योजना, उच्च गरिबी विपद् आउनुका कारण हुन्।

विपद् समस्याहरु पहिचान गरी त्यसलाई रोक्न प्रयास गर्ने, विपद् आइहालेमा त्यसबाट हुने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न र विपद् आएपछि त्यसको सामना गर्न गरिने सम्पूर्ण कार्यहरु विपद् व्यवस्थापनअन्तर्गत पर्दछन्। हामीकहाँ विपद्को व्यवस्थापन गर्ने गरी सरकारका विभिन्न निकायहरु छन्। त्यसैको लागि गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण छ। विपद् व्यवस्थापनको आवश्यक काम गर्ने स्थानीय तहहरु छन्। प्रदेश सरकारहरु छन्। तर पनि विपद् आउनुपूर्वको तयारी र आइसकेपछिको तयारीमा निकै कमजोरी हुने गरेको छ। हालैको विपद्मा पनि सरकारी निकायको त्यस्तै कमजोरी देखिँदै आएको छ।

संवैधानिक व्यवस्थाअनुसार पनि विपद्लगायतका विभिन्न घटनामा परी संकट व्यहोरेका नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक दिलाउनु राज्यको दायित्व र कर्तव्य हो। यसैगरी खाद्यसम्बन्धी हकको सुनिश्चित गर्नु पनि राज्यको दायित्व नै हो। विस्थापितहरुलाई उपयुक्त आवासको व्यवस्था गर्नु, स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितता प्रदान गर्नु पनि सरकारको दायित्वभित्रै पर्छ। अहिले हजारौं नागरिक घरवारविहीन भएका छन्। यस्तो बेलामा उनीहरुलाई बस्ने बास र खाने गासको व्यवस्था गर्नु सरकारको कर्तव्य हो।

केन्द्र, प्रदेश र स्थानीय सरकारले समन्वयात्मक रुपमा विपद्मा परेकालाई अभिभावकत्व ग्रहण गर्न सक्नुपर्छ। अहिले विपद् प्रभावितहरुले मुलुकमा वास्तविक सरकार भएको अनुभूति गर्न सकिरहेका छैनन्। यही विपद्को मौका छोपी कालोबजारी गर्नेहरु निकै सक्रिय भएका छन्। बजारमा मूल्यवृद्धि अचाक्ली बढिरहेको छ। सरकारी निकायले अनुगमनलाई प्रभावकारी बनाउन सकेको छैन। दण्डहीनता मौलाइरहेको हुँदा जसले जे गरे पनि हुने अवस्था देखिन्छ।

विपद् आउनुपूर्व र आइसकेपछि त्यसलाई कमी गर्न र आइसकेपछि त्यसको व्यस्थापन गर्न विभिन्न निकायहरु छन्। जसमा केन्द्रीय कार्यकारी समिति, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन परिषद्, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिलगायतका निकायहरु रहेका छन्। तर विडम्बना, यति धेरै निकाय भए पनि ती कुनै पनि निकायले प्रभावकारी काम गर्न सकेको पाइएन। तर ती निकायमा रहेकाहरुले तलब, भत्ता र विभिन्न तालिममा लाखौं रुपियाँ खर्च गरिरहेका छन्। उनीहरुले जिम्मेवारीअनुसार काम गर्न नसक्दा उनीहरुमाथि अनुगमन गरेर कुनै कारबाही हुने गर्दैनन्। अर्कोतर्फ मुलुक कुशासनको दलदलमा फस्दै आइरहेकाले पनि त्यस्ता निकायले प्रभावकारी काम गर्न नसकेका हुन्। यसैगरी विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन विभिन्न ऐन, नियम, कार्यविधि नभएका होइनन् तर सुशासनको अभावमा ती ऐन, नियम र कार्यविधिको पनि प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन।

धादिङको झ्याप्ले खोलामा तीनवटा गाडी पहिरोले पुरिएको थाहा पाउन प्रहरी प्रशासनलाई ३० घण्टा लाग्नु दुर्भाग्यपूर्ण अवस्था हो। यसले त्यहाँ रहेको प्रहरी प्रशासनलाई निकम्मा साबित गरिदिएको छ। सुरक्षा निकायहरु जिल्लामा असफलजस्तै देखिएका छन्। उता हाम्रो निजामती प्रशासन पनि विपद्पछिको व्यवस्थापन गर्न नराम्ररी चुकेको छ। विपद् भएको जानकारी हुनासाथ निजामती कर्मचारी आफ्नो पद तथा कार्य क्षेत्रअनुसार उद्धारका लागि शीघ्र तयार रहनुपर्नेमा त्यस्तो हुन सकेको छैन। यसै गरी हजारौं घरबारविहीनलाई राहत दिन र पुनर्स्थापना गर्ने कार्यमा पनि निजामती कर्मचारीको महत्वपूर्ण भूमिका रहन्छ। यस कार्यमा कर्मचारीहरु चुकिरहेको देखिन्छ।

यसै गरी विपद् क्षेत्रमा उद्धार सामग्री र उद्धारकर्ता पुऱ्याउने तथा टोलीको समन्वय गर्ने, सही सूचना शीघ्र माध्यमबाट उपलब्ध गराउने र आवश्यक निकायमा सम्प्रेषण गर्ने, विपद्मा परेका मानिसलाई सुरक्षित स्थानतर्फ लैजान प्रयास र सहयोग गर्ने, मानिसमा विपद्ले पारेको प्रभावको मूल्यांकन गर्ने र प्रभावित नागरिकलाई तत्काल अत्यावश्यक सहयोग गर्ने जस्तै- पानी, खाना र औषधि उपचार, प्रभावितलाई पूर्ववत् अवस्थामा फर्काउन सल्लाह, परामर्श र हौसला प्रदान गर्ने काम कर्मचारी पक्षबाट हुनुपर्छ।

साथै पुनर्स्थापना योजना बनाई कार्यान्वयन गर्न कर्मचारी विज्ञताको उपयोग गर्ने, राजनीतिक दल, संघसंस्था, क्लबसँग समन्वय गर्ने र सबैलाई उद्धार र व्यवस्थापनमा केन्द्रित गराउने, नोक्सान भएका भौतिक संरचना तथा सम्पूर्ण पक्षको लागत लिने, बिग्रिएका सम्पूर्ण सेवा पुनः सञ्चालन गर्ने, घर, स्वास्थ्य चौकी, अस्पताल, विद्युत्, पुललगायत पूर्वाधार निर्माणमा सहयोग गर्ने, विपद्का कारण मानिसमा पर्न सक्ने शारीरिक, मानसिक र प्राकृतिक पीडा कम गर्न मनोपरामर्शका कक्षा सञ्चालन गर्नेलगायतका कार्यहरु कर्मचारी पक्षबाट हुनुपर्छ। तर त्यस्तो हुन सकेको छैन।

अहिले पनि केही जिल्लामा कैयौं व्यक्ति पहिरोमा बेपत्ता छन्। बेपत्ता भएकाहरुको खोजी कार्य अपेक्षितरुपमा द्रुत किसिमले हुन सकेको छैन। दर्जनौं राजमार्ग क्षतविक्षत अवस्थामा छन्। सरकारले क्षतविक्षत राजमार्गमा भएका अवरोध छिटोभन्दा छिटो हटाउनुपर्छ र सडक खोल्नुपर्छ। बाटो अवरोध भएकाले हजारौं व्यक्ति अहिले पनि बीचबाटोमा अलपत्र अवस्थामा छन्। ती सबैलाई सरकारले तत्काल उद्धार गर्नुपर्छ। यस्तो विपद्को समयमा विभिन्न गैरसरकारी संस्थाहरुले पनि तदारुकता देखाउनुपर्नेमा हाल त्यस्तो तदारुकता देखाउन सकेको पाइँदैन। गैससहरुले छिटोभन्दा छिटो तथ्यांक संकलन, क्षतिको मूल्यांकन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणसमेतका काममा सम्बन्धित निकायलाई सहयोग गर्नुपर्छ भने जनचेतना अभिवृद्धि, क्षमता विकास, आपतकालीन नमुना अभ्यास तथा प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने, खोज, उद्धार तथा राहत वितरणसम्बन्धी कार्यमा सहयोग गर्नेलगायतका कामहरु गर्नुपर्छ।

यसै गरी सार्वजनिक संस्था र व्यावसायिक प्रतिष्ठानहरुले विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपतकालीन निकासलगायतका व्यवस्था गर्नुपर्छ भने तथ्यांक संकलन, क्षतिको मूल्यांकन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणसमेतका काममा सम्बन्धित निकायलाई सहयोग गर्नुपर्छ। अहिले बाढीपहिरोका कारण देशले ठूलो संकट व्यहोर्न बाध्य भइरहेको अवस्थामा विशेष गरी सरकारका सबै पक्षले जिम्मेवारीबोधका साथ पारदर्शी र इमानदार भएर काम गर्न सके भने मात्रै पनि पीडितले समयमा नै राहत पाउन सक्नेछन् र पुनर्स्थापित हुनेछन्। यस कार्यमा सरकारका सबै निकायहरु हातेमालो गर्दै अघि बढ्न अब ढिलाइ गर्नुहुँदैन।

समाचारपत्रबाट

# किन खाने पुदिनाको अचार ?



पुदिनाको अचार स्वास्थ्यको लागि लाभदायी मानिन्छ। यसले शरीरलाई शितलता प्रदान गर्नुका साथै विभिन्न रोगहरुबाट बचाउँछ।

**पुदिनाको अचारका फाइदाहरु**

यसरी खानामा पुदिनाको अचार थप्दा स्वादमा बढवा दिन्छ। साथै शरीरलाई शितलता प्रदान गर्छ। पेट, त्वचा लगाएतको समस्यामा पनि पुदिनाको अचार लाभदायी छ। त्यस्तै प्रसवको समयमा पनि पुदिनाको अचारको सेवन गर्नु लाभदायी छ।

पुदिनाको पात पिसेर निधारमा लगाएमा टाउको दुख्ने समस्याबाट आराम पाइन्छ।

पुदिना, तुलसी, अदुवा र कालीमोर्चालाई मिलाएर पानीमा उमाल्नुहोस्। जुन रस ग्यास्टिक समस्या भएकाले लगातार सेवन गर्दा जरैदेखि समस्या समाधान हुन्छ।

पुदिनाको पातको धुलोलाई चिनीसँग मिलाएर खाएमा पेट दुख्ने समस्या निको हुन्छ।

पुदिनाको ताजा रस सेवन गर्दा रुघाखोकी निको हुन्छ। ज्वरो आएको बेला पुदिना र तुलसीको पात पानीमा उमालेर सेवन गर्दा ज्वरो ठीक हुन्छ।

दाद, एलर्जी भएको ठाउँमा पुदिनाको पात पिसेर लेप लगाउँदा ठीक हुन्छ। पुदिनाको सेवनले खटाई लाग्ने समस्या पनि निको हुन्छ।

यसको सेवनले गर्मीमा लाग्ने लू बाट पनि राहात मिल्न सक्छ। यदि शरीरमा घाउ छ भने त्यहाँ पुदिनाको लेप लगाउँदा छिटो निको हुन्छ।

पुदिनाको पात पिसेर त्यसको लेप मुहारमा लगाउँदा पनि दाग, धब्बा निको हुनुका साथै मुहार चम्किलो पनि हुन्छ।

यसको चटनी (अचार) बनाएर खाएमा पेटको सबै समस्या निको हुन्छ।

## टिकेन पुँजीबजारको उकालो यात्राः

# नेप्से परिसूचक २६ अंकले घट्यो

काठमाडौँ। पछिल्लो दुई दिन उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको उकालो यात्रा बुधबार रोकिएको छ। नेप्से परिसूचक २६ दशमलव शून्य सात अङ्कले घटेर दुई हजार पाँच सय ९७ दशमलव ४९ को बिन्दुमा कायम भएको हो।

तीन सय १० कम्पनीको एक करोड ५१ लाख ९९ हजार सात सय ६३ कित्ता शेयर ८३ हजार ८१ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ७७ करोड ८१ लाख ९५ हजार आठ सय ८१ बराबरको कारोबार भएको छ।

वित्त समूहको उपसूचक एक दशमलव ७५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा बढी निर्जीवन बिमा समूहमा एक दशमलव ८२ प्रतिशतको गिरावट देखिएको छ। बैंकिङ शून्य दशमलव ७१, विकास बैंक एक दशमलव ३८, होटल तथा पर्यटन एक दशमलव ७९, जलविद्युत् एक दशमलव ७४, लगानी एक दशमलव ५२ र जीवन बिमा शून्य दशमलव ४० प्रतिशतले घटेको छ।

त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ७९, लघुवित्त एक दशमलव १२, म्युचुअल फण्ड शून्य दशमलव ४१, व्यापार एक दशमलव १८ र अन्य समूह शून्य दशमलव शून्य तीन प्रतिशतले घटेको छ। थ्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।



कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल फाइनान्स लिमिटेडको रु २० करोड ७१ लाख ५५ हजार दुई सय ६७ को शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर सात लाख नौ हजार आठ सय ६७ कित्ता किनबेच भएको छ।




समाजवादका लागि सामना साँस्कृतिक अभियानअन्तर्गत बुटवलमा भएको कार्यक्रममा माओवादी केन्द्र र विप्लव नेतृत्वको नेकपामा आबद्ध कलाकारहरुले गीत संगीत, नाटक, ओपेरामार्फत् पूर्व माओवादी घटकहरु र सबै वामपन्थी शक्तिहरु पुनः एकीकृत हुन आवश्यक छ भन्ने सन्देश दिए। कार्यक्रममा पूर्व मन्त्री एवं गीतकार मणि थापा, माइला लामा, किशोर विक, सुशील सिंहठकुरी, हेमन्त रुम्बालगायतले दश वर्षे सशस्त्र युद्धको बेलादेखि हालसम्मका राजनीतिक घटनाक्रम झल्काउने गीत र नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रम सोँचेभन्दा सफल भएको साँस्कृतिक कार्यक्रमका आयोजक नेकपा नेता वीरेन्द्र सीले बताए। *तस्विर : लुम्बिनी दैनिक।*

# लिस्नु झरना कपको सेमिफाइनलमा

बुटवल। रुपन्देहीमा जारी ३६औं झरना रनिङशिल्ड फुटबल प्रतियोगितामा लिस्नु युवा क्लब शानदार जितसँगै फाइनलमा प्रवेश गरेको छ।

स्वर्गीय खगी गुरुङसेनीको पुण्य स्मृतिमा कुञ्जलापुरस्थित फुटबल मैदानमा बुधबार भएको खेलमा जनज्योति क्लब, डिंगरनगरलाई २-० गोलअन्तरले पराजित गर्दै उपाधि दाबेदारी पेश गरेको हो।

खेलको सुरुवातबाट नै लिस्नुले खेल आफ्नो पक्षमा राख्न सफल भएको थियो। खेलको ३८औं मिनेटमा लिस्नुका सुशिल राईले गोल गर्दै खेलमा टिमलाई अगाडि बढाएका थिए। खेलको ७४औं मिनेटमा बुद्धिराम राईले विजयी गोल गरे। वन भर्सेस वनमा जनज्योतिका किपर टिकेन्द्र थापा बिट भएसँगै उनले गोल गरे। खेलमा लिस्नुका सुशिल राई म्यान अफ दी म्याचबाट पुरस्कृत भए। बिहीबारको दोस्रो सेमिफाइनल खेल गोर्खा ब्यायज क्लब र आयोजक झरना स्पोर्टस् क्लबका बिचमा हुने अध्यक्ष धनेन्द्र पौडेलले बताए।

प्रतियोगिताको उपाधि विजेताले नगद ३ लाख ३१ हजार रुपैयाँ, यसैगरी उपविजेता टिमले १ लाख ८१ हजार रुपैयाँ, कप तथा सेमिफाइनलमा पुग्ने दुई टिमलाई जनही नगद २५ हजार रुपैयाँका साथै प्रत्येक खेलमा म्यान अफ दि म्याचलाई ३ हजार ट्रफि, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ। विधागत रुपमा उत्कृष्ट खेलाडीहरुलाई १० हजार र सर्वोत्कृष्ट खेलाडीलाई १५ हजार रुपैयाँबाट पुरस्कृत हुने छन्। प्रतियोगिता तिलोत्तमा नगरपालिकाको कुञ्जलापुरस्थित उमा आधारभूत विद्यालयको खेल मैदानमा भइरहेको छ।

# सार्वजनिक बसमा सादा पोशाकका प्रहरी



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

दसैं, तिहार र छठ जस्ता चाडपर्वलक्षित गरी यात्रा गर्ने यात्रुहरुको सुरक्षालाई मध्यनजर गर्दै नवलपुर प्रहरीले यात्रुवाहक बसमै सादा पोशाकमा प्रहरी खटाउने भएको छ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक यादव ढकालले सवारी साधनमा हुन सक्ने लुटपाट, चोरीका साथै यात्रुहरु माथि हुन सक्ने दुर्व्यवहार र मनपरी भाडा असुली रोक्न प्रहरीले यात्रुवाहक वसमा एक जना महिला र एक जना पुरुष गरी २ जना प्रहरी सादा पोशाकमा खटाउने भएको बताए।

उनले यसका लागि कम्तिमा १० जना प्रहरी छुट्याइएको र उनीहरुले नियमित सादा पोशाकमा बस भित्रै यात्रु बनेर बसेर गस्ती गर्ने बताए। नवलपुरको दाउन्नेदेखि गैडाकोटसम्म शंकास्पद लागेको बस वा जुनसुकै बसमा छड्के गर्ने गरी प्रहरीलाई नै यात्रु बनाएर राख्ने उनले बताए। यो योजना बिहीबार घटनस्थापनाकै दिनदेखि लागू गर्ने जनाएको छन्।

गैंडाकोटबाट प्रवेश गर्ने बसमा उक्त स्थानबाट सादा पोशाकका प्रहरी बसमा चढ्ने र दाउन्नेतर्फबाट आउने बसमा सोही स्थानबाट प्रहरी बसमा चढेर निगरानी गर्नेछन्।

छड्केमा रहेको प्रहरीले नजिकको प्रहरी कार्यालय वा राजमार्गमा गस्तीमा रहेको प्रहरीलाई खबर गर्ने र तुरुन्त कारबाही अगाडि बढाउने प्रहरी उपरीक्षक ढकालले बताए।

उनले चाडपर्वको समयमा हुन सक्ने चोरी, लुटपाट अन्य घटना नियन्त्रण गर्ने विशेष योजना तयार पारिएको समेत बताए। प्रहरीले चाडपर्वको समयमा यात्रुबसमा विशेष निगरानी राख्नेदेखि यात्रु सहायता कक्षा स्थापना गर्ने, सादा पोशाकमा गाउँघरमा गस्ती गर्ने, बसमा क्षमताभन्दा बढी यात्रु चढ्न नदिन ठाउँठाउँमा चेकिङ्ग गर्नेलगायत योजना रहेको बताए।

प्रहरीले सार्वजनिक क्षेत्र, यात्रु चढ्ने, उत्रने मुख्य स्थानहरुमा समेत निगरानी बढाउने उनले बताए। यात्रु सहायताका लागि जिल्लाका विभिन्न स्थानमा ६ वटा यात्रु सहायता कक्ष निर्माण गरिने उनले जनाए।

चाडपर्वको समया हुन सक्ने घटना नियन्त्रणका लागि सुरक्षा प्रदान गर्न जिल्ला भर ३ सय ४५ प्रहरी परिचालन हुने जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक वेदबहादुर पौडेलले बताए।

शान्ति सुरक्षा कायम राख्न, प्राकृतिक स्रोतको चोरी नियन्त्रण गर्न, जुवातासलगायतका अवैध गतिविधि नियन्त्रण गर्न लागि पर्ने प्रतिबद्धता उनलेजनाए।

# ऐरी विश्वकै दोस्रो उत्कृष्ट अलराउन्डर



काठमाडौँ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले जारी गरेको नयाँ बरियतामा टी-२० अलराउन्डरतर्फ नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य दीपेन्द्रसिंह ऐरीले दोस्रो स्थान ओगटेका छन्। आइसिसीले बुधबार जारी गरेको नयाँ बरियताअनुसार ऐरीले उक्त सफलता हासिल गरेका हुन्। यसअघि उनी उक्त विधामा छैटौं स्थानमा थिए।

नयाँ बरियतामा अलराउन्डरतर्फ इङ्ग्ल्यान्डका क्रिकेटर लियम लिविगंस्टोन पहिलो स्थानमा रहेका छन्।

ऐरीको दुई सय ३० रेटिङ छ भने लिविगंस्टोनको दुई सय ५३ रहेको छ।

यसैगरी एकदिवसीय अन्तर्राष्ट्रिय बरियतामा ब्याटिङतर्फ ऐरी विश्व बरियतामा ४३औं स्थानमा रहेका छन्। यसअघि उनी ४५औं स्थानमा रहेका थिए। अलराउन्डरतर्फ नेपालका गुलशन झा ५३औं तथा कुशल भुर्तेल ६०औं स्थानमा रहेका छन्। टी-ट्वान्टी टिम बरियतामा नेपाल १७औं स्थानमा रहेको छ।

त्यसैगरी एकदिवसीय अन्तर्राष्ट्रिय बरियतामा नेपालका आसिफ शेख ८२औं र कुशल भुर्तेल ८३औं स्थानमा छन्। नेपाली टोलीका कप्तान रोहितकुमार पौडेल भने उक्त बरियतामा ८७औं स्थानमा छन्।

# लैंगिक समानता सामाजिक तथा समावेशिकरणबारे परीक्षण



कञ्चन। रुपन्देहीको कञ्चनमा लैंगिक समानता सामाजिक तथा समावेशिकरणबारे कार्याविधि बमोजिम योजना सञ्चालन भएका छन् वा छैन भन्ने विषयमा सरोकारवालाहरु बिच परीक्षण कार्य सम्पन्न भएको छ। १०० सूचकहरुमा गाउँपालिकाबाट आ.व. २०८०/०८१ मा भएका नीति तथा कार्यक्रम योजना र कानुनहरुको अवस्था र त्यस्को कार्यान्वियनको अवस्थाका सम्बन्धबारे परीक्षण गरिएको हो।

कञ्चन गाउँपालिकाका महिला जनप्रतिनिधि र कर्मचारी बिच भएको परीक्षणमा लक्षित समुदायअन्तर्गत महिला, दलित, आदिवासी जनजाति, अशक्त, अपाङ्गता र जेष्ठ नागरिकहरुले प्रत्यक्ष लाभ लिन सक्नेगरी नीति योजना र बजेट व्यवस्थापन तथा कार्यान्वयन र त्यसको अनुगमन मूल्याङ्कन र प्रभावकारिता सामाजिक परीक्षण गरिएको थियो।

लैंगिक समानता सामाजिक तथा समावेशिकरणबारे कार्याविधि बमोजिम नीति तथा कार्यक्रम योजना र कानुनहरुको अवस्था परीक्षण कार्यक्रममा सहभागी हुँदै उपाध्यक्ष मौसमी थापा मगरले परीक्षणको क्रममा उठेका सवालहरुबारे आगामी आ.व. देखि नीतिगत रुपमा योजना बनाएर लक्षित समुदायले लाभ प्राप्त गर्नेगरी पालिकाको कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाइन। यस्तै उपाध्यक्ष थापा मगरले विगतका आवहरुमा लक्षित समुदाय आधारित कार्यक्रम र योजना बनाएर सञ्चालन गरेको भए पनि ती कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन तथा समीक्षात्मक प्रतिवेदन तयार गर्न नसक्दा परीक्षणका लागि सूचकले निर्धारण गरेको आवश्यक अंकभार ग्रहण गर्न नसकेको कुरालाई मध्यनजर गर्दै विषयगत शाखाका कर्मचारी, जनप्रतिनिधिहरुले समेत आफूले गरेका कार्यहरुको प्रतिवेदन बनाएर आगामी वर्षका लागि योजना तर्जुमा गर्न गराउन सहज बनाउन आग्रह समेत गरिन।

गाउँपालिकाको सभाहलमा भएको कार्यक्रममा कञ्चन गाउँपालिकाका प्रशासन प्रमुख गिरीराज अर्याल र पञ्जिकरण शाखाका सुरेन्द्र पोखरेलले सहजीकरण गरेका थिए।

## भैरहवामा...

कम जनशक्तिले प्रविधिको प्रयोगबाट ट्राफिक व्यवस्थापन सहज हुने भएकोले यसतर्फ ध्यान दिन जरुरी छ। ट्राफिक प्रहरीले बाटो मर्मतको कारणले केही महिनादेखि लाइट नचलेको जानकारी दिएको छ।

**पार्किङ्को अभाव झेल्दै भैरहवा, फुटपाथमा पर्किङ्**

भैरहवामा सडकचाप बढे पनि पार्किङ्को अभाव नै रहेको छ। सडकमा सवारी साधनको चाप दिन प्रतिदिन बढ्दै गए पनि पार्किङ् स्थलको व्यवस्थापन हुन नसक्दा भैरहवा अस्तव्यस्त हुँदै गएको छ।

जिल्ला ट्राफिक कार्यालयलले नगरपालिका र व्यवसायिक संघ स्स्थाको समन्वयमा सडकको एकातर्फ पार्किङ् स्थल तोके पनि बढ्दो सवारीसाधनको चापले गर्दा सर्वसाधरणका साथै बजार गर्न आउने आन्तिरक तथा बाह्य पर्यटकहरुलाई समेत सास्ती खेप्नु परेको छ।

भैरहवाको बम्रेली टोलतर्फ फुटपाथमै पार्किङ् गरिएको छ। पैदल यात्रुको सहजताका लागि बनाइएको फुटपाथमा मोटरसाइकलहरु क्रमबद्ध रुपमा पार्किङ गरि राखिएको छ। अव्यवस्थित पार्किङ्मा कडाई गर्दै आएको ट्राफिक र नगरपालिकाले फुटपाथमा पार्किङ् गर्दा भने रमिते बनेको छ।

यस्तै भैरहवाको मुख्य बजार बैंकरोड, मिलनचोक, नारायण पथ, गल्लामण्डी, आवा रोडलगायतका क्षेत्रमा पार्किङस्थल अभावको मुख्य मारमा मोटरसाइकल, र कार धनीहरु परेका छन्।

सडक जामकै कारण कर्मचारीहरु पनि कार्यालयमा समयमा समेत पुग्न सकेका छैनन्। जाम त एकातिर भयो, कुनै काम विशेषले कहि कतै जान पर्ने भयो भने मुख्य बजारमा पार्किङ् गर्ने ठाउँ नै पाइदैन। स्थानीय निकायले पनि आवश्यक पार्किङ् स्थलको छनोट गरी व्यस्थापन गर्नुपर्नेमा चासो नदिँदा नगर नै अस्तव्यस्त बन्दै छ।

राज्यले सवारी गुडाए वापत हजारौं कर लिन्छ तर सडम मर्मत तथा बिस्तारमा खासै ध्यान दिँदैन, नगरपालिकाले पनि घर बनाउन नक्सा पास गर्छ, पसलको दर्ता गर्छ, तर कही कतै पार्किङ्को बारेमा सोँच्दैन त्यही कारणले पनि पार्किङ्मा समस्या आउने गरेको छ।

भैरहवाको मुख्य बजार बैकरोडमा प्रायः दैनिक रुपमा सयौं भारतीय पर्यटकहरु आउछन्, तर बजारमा पार्किङ् स्थलको अभाव हुँदा बजार नै नगरी जाने गरेको व्यवसायीहरुको भनाइ छ। पार्किङ् स्थलकै अभावका कारण पनि केही व्यवसायी बजारभन्दा बाहिर फैलिरहेका छन्। बाहिरबाट आएका ग्राहकहरुलाई पार्किङ्बारे अवगत नहुँदा गलत ठाउँमा पार्किङ् गर्छन्, जसले गर्दा ट्राफिकले जरिवाना गर्नुपर्ने बाध्यता छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयले रुपन्देहीका प्रमुख प्रहरी निरीक्षक रञ्जु केसीले पार्किङ् स्थलको अभावका कारण बजारमा ट्राफिक व्यवस्थापन गर्नका लागि आफूहरुलाई पनि समस्या परेको बताए।

ट्राफिक प्रहरीको तथ्याङ्कअनुसार सदरमुकाम भैरहवामा मात्रै दैनिक साना तथा ठूला गरी करिब १८ हजार सवारी साधन गुड्ने गर्दछ। जसमध्ये दैनिक करिब १४ हजार गाडीलाई कुनै न कुनै बेला बजारमा पार्किङ्को आवश्यकता पर्दछ।

सिद्धार्थनगर नगरपालिकाले पार्किङ्स्थलको व्यवस्थापनका लागि निजी क्षेत्रको सहकार्यमा पार्किङ् स्थलको व्यवस्थापन भए पनि यसले पूर्णता पाएको छैन। केही ठाउँमा मात्रै पार्किङ् व्यवस्थापन भएको छ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख एसपी रंजितसिंह राठौरले ट्राफिकमा जनशक्ति कम हुने भएको सहकार्यमा चेकजाँच गर्ने र सुरक्षाका लागि जनशक्ति परिचालन गर्ने बताए।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रमुख प्रहरी उपरीक्षक श्याम खत्रीले ट्राफिक लाइट र सिसीटिभी स्थानीय तहले न जडान गरिदिएको हो र मर्मतको काम पनि स्थानीय पालिकाले नै गर्ने हुँदा केही समस्या भए हामीले समन्वय गरेर सञ्चालनको प्रयास गर्ने जनाए। सडक पूर्वाधारको हकमा संघ, प्रदेश र स्थानीय सरकार मातहतको सडकको पूर्वाधार बनाउने जिम्मेवारी पनि सोही निकायको नै हुने हुँदा हाम्रो समन्वयकारी भूमिका रहने उनले बताए। 'हामीले ट्राफिक व्यवस्थापनलाई नै भएको जनशक्ति र स्रोत साधनको अधिकतम प्रयोग गरी व्यवस्थापन गर्ने गरेका छौं।'-उनले भने।

अहिले रुपन्देहीको हकमा लेन अनुशासनमा जोड दिई धेरै सुधार भएको छ, लेन अनुशासन पालन नगर्नेलाई कारबाही पनि गरेको एसपी खत्रीले बताए। 'सिद्धार्थनगरको पार्किङ् र ई-रिक्सा सम्बन्धमा पनि छलफल भएको छ, नगरपलिकाले त्यसको व्यवस्थापनमा लागेको छ, हामीले सहकार्य गरिरहेका छौं।'-उनले भने।

नगरपालिकाको समन्वयमा नै फुटपाथमा पार्किङ् गरिएको हो, तत्कालका लागि पार्किङ् ठाउँको अभावका कारण फुटपाथमा पार्किङ् गर्नुपर्ने बाध्यता छ। जिल्लामा प्रजिअकै अध्यक्षतामा बैठक बसी सिद्धार्थनगरको ई-रिक्सा, छाडा चौपाया र पार्किङ्को समस्या समाधानका विषयमा छलफल भएको छ, नगरपीलकाले पार्किङ् क्षेत्र तोकेर त्यसलाई व्यवस्थापन गर्ने, ई-रिक्सालाई पालिकाको मापदण्डमा ल्याउनेलगायतका विषयहरुमा समन्वय गरेर विस्तारै व्यवस्थापनतर्फ लागेको एसपी खत्रीले जानकारी दिए।

## छविललाललाई...

छविलाल जोशीको परिवारका तर्फबाट परेको बन्दी प्रत्यक्षीकरण रिटको सुनुवाइ गर्दै सर्वोच्चले उनलाई गैरकानुनी हिरासतमा राखेको भन्न भने नमिल्ने ठहर गरेको छ।

यद्यपि दसैं बिदा सुरु भएकाले अब धरौटी वा तारेखमा छाड्दा पनि हुने भन्दै प्रहरीको ध्यानाकर्षण गराएको हो।

## श्री शिवशक्ति आधारभूत विद्यालय
**कञ्चन-४, शिव मन्दिर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल**

### शिक्षक आवश्यकता सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१।०६।१६

प्रस्तुत विषयमा जिल्ला रुपन्देही कञ्चन गाउँपालिका च.नं २१९ मिति २०८१- ०५-१७ गतेको विज्ञापन अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०६/३० गतेको निर्णय अनुसार यही मिति २०८१/०६/१६ गतेदेखि ७ दिनको म्याद थप गरी आ.व.२०८१/०८२ को लागि आधारभूत तह विज्ञान विषयको (शिक्षण सिकाइ अनुदान कोटा) मा खुल्ला विज्ञापनद्वारा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकबाट तपसिल बमोजिम रीतपूर्वक दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

१. बिज्ञापन - ०१/२०८१/८२
२. आवश्यक पद - आधारभूत तह
३. विषय - विज्ञान
४. पद संख्याः १
५. आवेदन दस्तुर : रु १५००।- (एक हजार पाँच सय)
६. उमेर : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
७. योग्यता : विज्ञान मूल विषय लिई कम्तिमा प्रविणता तह उत्तिर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त।
८. दरखास्त दिने अन्तिम मिति : २०८१/०६/२२
९. सम्पर्क मिति : २०८१/०६/२३
१०. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता, कक्षा अवलोकन
११. परीक्षा मिति : सम्पर्क मितिको दिन तोकिने छ।

१२. **आवश्यक कागजात**
- हस्तलेखन निवेदन १
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १ थान
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

१३. सम्पर्क नं :९८६०९८९७१८ र ९८६७२६३९३६

पुनश्चः शिक्षा सेवा आयोगको करार सूचीमा सूचीकृत उम्मेदवारलाई प्राथमिकता रहने छ।

प्रधानध्यापक
श्री शिवशक्ति आधारभूत विद्यालय
कञ्चन-४, रुद्रपुर, रुपन्देही

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

